

- चालु उद्यमहरुलाई सबल तुल्याउन र थप सहयोग उपलब्ध गराउन महिला समूहहरुका लागि उद्यम व्यवस्थापन तालिम सञ्चालन गर्ने।
- सम्भावना बोकेका उद्यमहरुको छनौट गरी २०० जना महिलाहरुका लागि सान्दर्भिक तालिम प्रदान गर्ने।
- आफ्ना उत्पादनहरुलाई जिल्ला/क्षेत्रीय तहमा प्रदर्शन गरेर बजार सम्पर्क- सम्बन्ध विकास गर्नमा महिला उद्यमीहरुलाई सहयोग गर्ने।
- जिल्लाका सरोकारवालाहरुलाई स्रोत विनियोजनमा समावेशी अवधारणाबारे सचेत गराउन परामर्श बैठकहरुको आयोजना।



- महिला सञ्जालहरुलाई स्थानीय सरकारी योजना प्रक्रिया र पैरवीकार्य योजनाहरुको विकासमा नेतृत्व, जवाफदेहिता, समावेशीकरणबारे पुनर्ताजगी तालिम प्रदान गर्ने।
- गाउँ बैंकहरुको गाविस र जिल्ला तहमा रहेका वित्तीय संस्थाहरुसँग सम्पर्क सहजीकरण गरी उद्यमशीलता विकासका लाग वित्तमा उनीहरुको पहुँच बढाउने।
- दुवै जिल्लाका लक्षित गाविसहरुमा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने।

- जिल्ला तहमा सामाजिक लेखाजोखा र सिकाइ आदानप्रदान कार्यशालाको आयोजना गर्ने।



## थप जानकारीका लागि सम्पर्क :


**मिसन इस्ट (एमई)**
जावलाखेल, ललितपुर, नेपाल
पोस्ट बक्स ८९७५, इपीसी २३२८
टेलिफोन : ५५३८४१६, ५५३८६६८
फ्याक्स : ५५४५६४९
निःशुल्क टेलिफोन नम्बर : १६६०-०१-१६६०६
पृष्ठपोषण इमेल : complaints.nepal@missioneast.org
वेब ठेगाना : www.miseast.org

**महिला कल्याण सेवा (डब्लुडब्लुएस)**
ठेगाना : लदेवडा वडा नं २, सिमिकोट, हुम्ला
टेलिफोन : ०८७-६८०१६१
इमेल : info@wws.org.np

**सम्झौता नेपाल**
ठेगाना: साईमार्ग, पुल्चोक, ललितपुर
टेलिफोन : ०१-२०५१०२७
इमेल : info@samjhautanepal.org.np

**कर्णाली एकीकृत महिला विकास मञ्च (के आई डब्लु डी एफ)**
श्रीनगर-५, गमगढी, मुगु
टेलिफोन : ०८७-४६००६३
इमेल : kiwdfmugu1@gmail.com


# नेपालको हुम्ला र मुगु जिल्लामा उज्जवल भविष्यका लागि लैङ्गिक न्याय



(फेब्रुवरी २०१६-सेप्टेम्बर २०१८)

Läkarmissionen

Mission East
- values in action

## विषयप्रवेश

कर्णाली क्षेत्रका मुगु र हुम्ला जिल्ला नेपालको सबैभन्दा विपन्न जिल्लाहरू मध्ये पर्दछन्। दुर्गमता र गरिबीको कारण उनीहरुको विकास देशका अन्य अधिकांश क्षेत्र भन्दा पछाडि छ।



यी जिल्लाहरूमा महिलाको सामाजिक हैसियत न्यून छ र परम्परागत कुसंस्कार तथा भेदभावबाट उनीहरु पीडित हुँदै आएका छन्। महिला अधिकारका बारेमा जनचेतनाको कमी छ र आयआर्जनमा संलग्न हुने अवसर महिलाहरुका लागि सीमित छ। लैङ्गिक न्याय, शिक्षा र जीविकोपार्जनमा सुधार मार्फत मुगु र हुम्लाका दूरदराजका क्षेत्रमा महिला सशक्तिकरणमा सहयोग पुर्‍याउन मिसन इस्टले स्थानीय परियोजना साझेदारहरूसँग मिलेर फेब्रुवरी २०१६ देखि सेप्टेम्बर २०१८ सम्म ३२ महिने लामो परियोजना 'उज्जवल भविष्यका लागि लैङ्गिक न्याय' कार्यान्वयन गरिरहेको छ। परियोजनालाई लाकारमिसियनेन र अन्य दातृ संस्थाहरु (जेएल फाउण्डेसन)बाट आर्थिक सहयोग प्राप्त छ।

## परियोजनाको उद्देश्य

परियोजनाको समग्र उद्देश्य कर्णाली स्थित मुगु र हुम्ला जिल्लाका ग्रामिण क्षेत्रहरुका महिलाहरुको अवस्था उनीहरुको व्यक्तिगत क्षमताका साथै संस्थागत सबलता दुबै आधारमा सुधार ल्याई गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउनु हो। यसबाट उनीहरुका घरपरिवारका सदस्य र समग्रमा समुदाय पनि लाभान्वित हुनेछ।

### उद्देश्य १ :

हुम्ला र मुगु जिल्लामा स्थानीय निर्णय प्रक्रियामा सिमान्तकृत महिलाको बढ्दो सहभागिता र परियोजना अवधि भर आधारभूत सेवाहरुमा उनीहरुको बढ्दो पहुँच।

### उद्देश्य २ :

परियोजना क्षेत्रका सीमान्तकृत महिलाहरुको आर्थिक क्रियाकलापहरुका लागि पुँजी र तालिममा पहुँच।

### उद्देश्य ३ :

परियोजना अवधिभर बढ्दो चेतना, पैरवी सम्पर्क र स्थानीय बजेट विनियोजन मार्फत महिला अधिकारलाई स्थापित गराउने सुहाउँदो वातावरणमा सुधार

## लक्षित क्षेत्र

| जिल्ला | गा. वि. स. |
|---|---|
| मुगु | रारा, पिना र रुगा |
| हुम्ला | डाँडाफाया, सिमिकोट, लाली, साया र मुचु |







## लक्षित समूहहरु

परियोजनाले मुगु र हुम्ला जिल्लाका ८२० जना महिलासम्म पुग्ने र प्रत्यक्ष लाभग्राही महिलाका परिवारका ३,८१७ जना सदस्यहरुलाई अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने लक्ष्य लिएको छ। परियोजनाले विशेषगरी एकल महिला, अपाङ्गता भएका व्यक्ति, जनजाति, दलित, संकटासन्न र युवतीहरुलाई लक्षित गरेको छ।

## मुख्य प्रतिफल

**प्रतिफल-१**
**व्यवहारिक साक्षरता सत्रहरुबाट हासिल गरिएको ज्ञान र सीपमार्फत स्थानीय निर्णय प्रक्रियामा सबैभन्दा सिमान्तकृत महिलाको संलग्नता र प्रभावमा वृद्धि।**

**प्रतिफल-२**
**सिमान्तकृत महिलाहरुका लागि अझ राम्रा आर्थिक अवसरहरु रहेको।**

**प्रतिफल-३**
**सरकारी निकाय, नागरिक समाजका संस्था र निजी क्षेत्र सागको सुधारिएको सम्पर्क-सम्बन्ध र पैरवी मार्फत सरकारी सहायता जस्ता वितीय र अन्य सेवाहरुमा महिलाहरुको दिगो पहुँच।**

## मुख्य कार्यक्रमहरु

- मुगु (२८० महिला)का लागि व्यवहारिक आधारभूत साक्षरता कक्षा र हुम्ला (५०० महिला)का लागि पुनर्ताजगी कक्षा सञ्चालन।
- ४१ वटा अनौपचारिक गाउँ बैंकहरुको स्थापना गर्ने जसको व्यवस्थापन महिलाहरुबाट आर्थिक क्रियाकलापहरुलाई सहयोग पुर्‍याउन हुनेछ।
- सबै ८ परियोजना गाविसहरुमा लैङ्गिक विश्लेषण र संकटासन्नता नक्साङ्कन गर्ने।